१३८

# राष्ट्रिय सूचना आयोग

## प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
## सूचना आयुक्त किरण कुमार पोखरेल
## सूचना आयुक्त यशोदादेवी तिम्सिना

## आदेश

मु.नं. ३६

स्याङ्जा जिल्ला पुतलीबजार नगरपालिका वडा नं. १ बस्ने केशवराज रेग्मी ......................१ पुनरावेदक

विरूद्ध

त्रिभुवन विश्वविद्यालयका रजिष्ट्रार एवं परीक्षा संचालक समितिका अध्यक्ष ........................१ विपक्षी

विषय :- उत्तरपुस्तिको प्रतिलिपि उपलब्ध गराई पाउँ ।

उपर्युक्त पुनरावेदकले त्रिभुवन विश्वविद्यालयका रजिष्ट्रार एवं परीक्षा संचालक समितिका अध्यक्षले वि.वि.एस.तेश्रो वर्षको परीक्षामा प्राप्तांक सहित उत्तरपुस्तिका उपलब्ध नगराएकोले यस आयोगमा गरेको पुनरावेदनको सम्बन्धमा यस आयोगबाट मिति २०६६।०५।२९ मा निज पुनरावेदकलाई माग गरे बमोजिम उत्तरपुस्तिकाको प्रतिलिपि उपलब्ध गराउनू भनी आदेश भएकोमा सो आदेशका विरुद्ध त्रिभुवन विश्वविद्यालयका रजिष्ट्रार एवं परीक्षा संचालक समितिका अध्यक्षको तर्फबाट यस आयोग समेतलाई विपक्षी बनाई सम्मानित सर्वोच्च अदालतमा रिट नं. ०६६-wo-०७२१ को उत्प्रेषणयुक्त प्रतिषेध रिट निवेदन दर्ता भई मिति २०६८।०२।०४ गते सम्मानित सर्वोच्च अदालतबाट रिट निवेदन खारेज गरी परमादेशको आदेश समेत जारी भएको फाइल संलग्न सम्मानित सर्वोच्च अदालतबाट प्राप्त भएको आदेशको प्रतिलिपि समेतबाट देखिन्छ । उल्लेखित रिट निवेदनमा यी पुनरावेदकलाई पनि विपक्षी वनाइएको, फैसलाको प्रतिलिपि आयोगमा प्राप्त भएकोले पुनरावेदकले पनि प्राप्त गरे नै भन्ने अनुमान गर्न सकिने । यदि पुनरावेदकले सो फैसलाको प्रतिलिपि माग गरेमा आयोगकै मिसिलबाट पनि उपलब्ध गराउन सकिने । साथै लामो समयको अन्तरालसम्म पनि सूचना पाइन भनी पुनरावेदक यस आयोगमा नआएको र पछि आएको वखत सम्मानित सर्वोच्च अदालतको फैसला बमोजिम सूचना उपलब्ध गराउन सम्बन्धित निकायमा अग्रिम कारवाही चलाउन सकिने नै हुँदा हाललाई केही गरिरहनु परेन । प्रस्तुत पुनरावेदनको लगत कट्टा गर्नू ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरण कुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल वैशाख २५ गते रोज ६ शुभम् ।